# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, जेठ २१ गते, २०८२ साल (अतिरिक्ताङ्क ५


## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

## विपद् व्यवस्थापन नियमावली, २०८२

विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "**विपद् व्यवस्थापन नियमावली, २०८२**" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"ऐन"** भन्नाले विपद् व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) **"केन्द्र"** भन्नाले नियम ६ बमोजिमको प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई सम्झनु पर्छ।

(ग) **"सेवा केन्द्र"** भन्नाले नियम ८ बमोजिमको आपत्कालीन कार्य गर्नका लागि तोकेका कुनै निकाय वा कोशी अत्यावश्यक सेवा केन्द्र वा प्रदेश सरकारले निर्णय गरी विपद् व्यवस्थापनका लागि सञ्चालनमा ल्याएका अन्य कुनै केन्द्र समेतलाई जनाउँछ।

(घ) **"मर्मत सम्भार तथा पुनःनिर्माण"** भन्नाले बाढी, पहिरो, नदी कटान, आगलागी र भूकम्पको कारण क्षतिग्रस्त भएका प्रदेश सरकारले निर्माण गरेका संरचनाको मर्मत सम्भार तथा पुनःनिर्माण सम्झनु पर्छ। सो शब्दले भविष्यमा विपद्बाट क्षति पुग्न सक्ने अवस्थालाई रोकथाम गर्नका लागि गरिने निर्माण कार्य समेतलाई जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) **"सञ्चालक समिति"** भन्नाले ऐनको दफा १६क. को उपदफा (३) बमोजिमको पुनःनिर्माण कोष सञ्चालक समिति सम्झनु पर्छ।

## परिच्छेद-२
## समिति सम्बन्धी व्यवस्था

३. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ७ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) शैक्षिक पाठ्यक्रममा समावेश गर्नुपर्ने विपद् व्यवस्थापन सम्बन्धी विषयहरू तयार गरी सम्बन्धित निकायलाई राय, सुझाव र परामर्श दिने,

(ख) विपद्को समयमा खटिने सुरक्षाकर्मी, कर्मचारी तथा स्वयंसेवकको सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाउने,

(ग) आवश्यकता अनुसार उपसमिति बनाई आवश्यक कार्य सम्पादन गर्ने गराउने।

४. **विशेषज्ञ समिति सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ९ को उपदफा (१) बमोजिम गठन हुने विशेषज्ञ समितिको संयोजक तथा सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) संयोजकको हकमा चालिस वर्ष र सदस्यको हकमा पैतिस वर्ष उमेर पूरा भएको,

(ग) संयोजकको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको वा सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष विज्ञको रुपमा अनुभव हासिल गरेको र सदस्यको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

हकमा सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष विज्ञको रुपमा अनुभव हासिल गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ङ) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त नगरेको।

(२) उपनियम (१) बमोजिमको विशेषज्ञ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको भौगर्भिक अवस्था समेतको आधारमा विपद्को जोखिम भएको सम्भाव्य क्षेत्रको पहिचान गरी न्यूनीकरणका लागि विपद् व्यवस्थापन कार्यकारी समितिलाई सुझाव दिने,

(ख) विपद्को स्वरुप अनुरुप जोखिमको आँकलन, नक्साङ्कन, विश्लेषण गरी विपद् जोखिमबारे क्षमता अभिवृद्धि, विपद् व्यवस्थापन सूचना प्रणाली र सूचना प्रवाह सम्बन्धी विषयमा विपद् व्यवस्थापन कार्यकारी समितिलाई सुझाव दिने,

(ग) शैक्षिक पाठयक्रममा समावेश गरिने विपद् व्यवस्थापन सम्बन्धी विषयको सम्बन्धमा विपद् व्यवस्थापन कार्यकारी समितिलाई राय सुझाव दिने,

(घ) महामारी (प्याण्डामिक) तथा जनस्वास्थ्यका सम्भावित समस्याहरूको पूर्व अनुमान, नियन्त्रण तथा व्यवस्थापनका लागि राष्ट्रिय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तथा अन्तर्राष्ट्रिय ज्ञान र अभ्यासको आधारमा कार्यकारी समिति र त्यस्तो समितिमार्फत प्रदेश सरकारलाई सुझाव दिने,

(ङ) जलवायु परिवर्तनबाट उत्पन्न हुन सक्ने परिणामका सम्बन्धमा विषयगत विज्ञ तथा सरोकारवालाको सुझाव सङ्कलन गरी जलवायु परिवर्तनबाट हुने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विविध पक्ष पहिचान गरी कार्यान्वयनका लागि कार्यकारी समिति र त्यस्तो समितिमार्फत प्रदेश सरकारलाई सुझाव दिने,

(च) विपद् पुनर्लाभ सम्बन्धी कार्यका लागि गरिने लगानीमा सार्वजनिक तथा निजी क्षेत्रलाई क्रियाशील र जिम्मेवार बनाउन अपनाउनु पर्ने विधिका लागि आवश्यक सुझाव दिने,

(छ) बलियो र गुणस्तरीय निर्माणको अवधारणा अनुरुप उपयुक्त भवन संहिता तथा पूर्वाधार निर्माण सम्बन्धी कानूनी व्यवस्था गर्न सुझाव दिने,

(ज) आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षण गर्दै विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनर्लाभ तथा पुनःनिर्माणका क्रियाकलापलाई प्रभावकारी बनाउन आवश्यक सुझाव दिने,

(झ) कार्यकारी समिति तथा मन्त्रालयले माग गरेका अन्य विषयमा राय तथा सुझाव प्रदान गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) उपनियम (१) बमोजिमको विशेषज्ञ समितिका संयोजक तथा सदस्यलाई सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम अधिकृतस्तर नवौं तहको कर्मचारीले संयोजन गर्दा पाउने सरहको बैठक भत्ता उपलब्ध गराईनेछ।

(४) यस नियम बमोजिमको समितिको कार्य अवधि दुई वर्षको हुनेछ।

तर आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक परेमा समितिको एक वर्ष समयावधि थप गर्न सक्नेछ।

(५) यस नियम बमोजिमको समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ र आवश्यक भएमा सोभन्दा बढी पटक बैठक बस्न सक्नेछ।

(६) उपनियम (१) बमोजिमको समितिको बैठकको कार्यविधि समितिले आफैंले निर्धारण गर्नेछ।

५. <u>सचिवालयको काम, कर्तव्य र अधिकारः</u> (१) ऐनको दफा १० को उपदफा (३) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सचिवालयको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संयोजकको निर्देशन बमोजिम कार्यकारी समितिको बैठकमा छलफल हुने विषयको सूची तयार गर्ने,

(ख) कार्यकारी समितिका सदस्यलाई बैठकको कार्यसूची सहितको सूचना उपलब्ध गराउने,

(ग) कार्यकारी समितिको बैठक सञ्चालनको व्यवस्थापन गर्ने,

(घ) कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ङ) विपद्को समयमा प्राप्त हुने राहत सामग्री सुरक्षित रुपमा भण्डारण गर्ने,

(च) विपद्बाट प्रभावितलाई पारदर्शी रुपमा राहत वितरणको व्यवस्था मिलाउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(छ) विपद्का लागि आपतकालीन गोदाम घर सञ्चालन गर्ने,

(ज) विपद् सम्बन्धी संकलित तथ्याङ्क संग्रह गरी व्यवस्थित ढंगले राख्ने,

(झ) विपद् प्रभावित क्षेत्रका नागरिकलाई अस्थायी पुनर्स्थापना तथा सिकाई केन्द्रको व्यवस्थापनका लागि स्थानीय समुदाय तथा अन्य सरोकारवालालाई समन्वयात्मक रुपमा परिचालन गर्ने गराउने,

(ञ) स्थानीय तह, सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको प्रकृतिको आधारमा कर्मचारी तथा कामदारलाई दिनु पर्ने विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिमको विषय निर्धारण गरी संयोजक समक्ष स्वीकृतिका लागि पेस गर्ने।

(२) सचिवालयले परिषद्, कार्यकारी समिति र आन्तरिक मामिला तथा कानून मन्त्रालयको निर्णय बमोजिम विपद् व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्नु पर्नेछ ।

(३) सचिवालयले सम्पादन गरेका कामको विवरण आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद- ३

## <u>केन्द्र तथा सेवा केन्द्र सम्बन्धी व्यवस्था</u>

६. <u>केन्द्र सञ्चालन सम्बन्धमा:</u> (१) ऐनको दफा १०क. बमोजिम स्थापित केन्द्रको कार्यालय आन्तरिक मामिला तथा कानून मन्त्रालय परिसर वा सो मन्त्रालयले तोकेको अन्य कुनै ठाँउमा रहनेछ ।

(२) उपनियम (१) बमोजिमको केन्द्र चौबिसै घण्टा सञ्चालनमा रहनेछ।

(३) उपनियम (२) बमोजिम केन्द्र सञ्चालनका लागि आवश्यक सुरक्षासँग सम्बन्धित जनशक्ति सम्बन्धित निकायको समन्वयमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले उपलब्ध गराउनेछ।

(४) उपनियम (२) बमोजिम केन्द्र सञ्चालनका लागि आवश्यक व्यवस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्नेछ।

(५) उपनियम (१) बमोजिमको केन्द्रले आन्तरिक मामिला तथा कानून मन्त्रालयमा नियमित रुपमा विपद् सम्बन्धी विवरण र सूचना उपलब्ध गराउनु पर्नेछ।

७. **केन्द्रको काम, कर्तव्य र अधिकारः** ऐनको दफा १०क. बमोजिम स्थापित केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्रका विपद् सम्बन्धी सूचना सङ्कलन गर्ने,

(ख) विपद्सम्बन्धी प्राप्त सूचनाका आधारमा विवरण तयार गर्ने,

(ग) विपद् प्रतिकार्य गर्न सूचना वा जानकारी प्राप्त भएमा यथाशीघ्र मन्त्रालय तथा सरोकारवाला निकायलाई जानकारी दिने,

(घ) जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र तथा स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय र सहकार्य गर्ने,

(ङ) विपद्का कारण प्रभावित मानिस लगायत अन्य विषयको विवरण तयार गरी मन्त्रालय तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा पठाउने,

(च) विपद् सम्बन्धी सूचना वा जानकारी अध्यावधिक गर्ने,

(छ) विपद्को घटना र क्षतिको तथ्याङ्क सङ्कलन गरी विवरण नियमित रूपमा सार्वजनिक गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ज) स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र केन्द्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्रका साथै सम्बन्धित सरोकारवालासँग समन्वय गरी विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको व्यवस्थापनमा समन्वय गर्ने,

(झ) परिषद्, कार्यकारी समिति र मन्त्रालयको निर्देशन बमोजिम विपद् पूर्वतयारी र प्रतिकार्य सम्बन्धी कार्य गर्ने,

(ञ) विपद् प्रतिकार्यका लागि प्रतिकार्यमा संलग्न प्रदेश तहका सुरक्षा निकाय, जिल्ला, स्थानीय तह र समुदायमा आधारित कार्य दलहरूसँग समन्वय गर्ने,

(ट) प्रदेश सरकारका सबै निकाय, प्रदेशमा रहेका अन्य निकाय वा मानवीय सहायता प्रदायक संस्था, स्थानीय तह, निजी क्षेत्रका प्रतिष्ठान सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने तथा कार्यान्वयनमा आवश्यक सहयोग गर्ने, विपद् सम्बन्धी योजनाको सूची तयार गरी अभिलेख राख्ने,

(ठ) विपद् पूर्वसूचना उपलब्ध गराउने कार्य गर्ने,

(ड) विपद्का कारण उत्पन्न हुने तत्कालीन जोखिम बारे सम्बन्धित निकाय र स्थानीय तहलाई सूचना दिने वा कार्यकारी समितिको निर्णयमार्फत पूर्वचेतावनी जारी गर्ने,

(ढ) विपद्को जोखिम कम भएमा त्यसको जानकारी दिने वा प्रवाह भएको पूर्वचेतावनी फिर्ता गर्ने,

(ण) विपद्का कारण प्रभावित स्थानको विस्तृत सूचना, क्षतिको विवरण सङ्कलन र विश्लेषणका माध्यमबाट

प्रभावित क्षेत्रमा थप सहयोगको आवश्यकता देखिएमा मन्त्रालयलाई जानकारी गराउने,

(त) नेपाल सरकारले आपत्कालीन अवस्था घोषणा गरेको अवस्थामा केन्द्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको मार्गदर्शन, परिषद र कार्यकारी समितिको निर्णय बमोजिम आवश्यक कार्य गर्ने।

(थ) प्रदेश स्तरीय विपद् सम्बन्धी सूचना तथा जानकारीको वार्षिक प्रतिवेदन तयारी गरी  प्रकाशनका लागि मन्त्रालयमा पठाउने,

(द) प्रदेशभित्रका स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र बिच सञ्जाल निर्माण गरी सूचना व्यवस्थापन, पूर्वसूचना प्रणाली, आपत्कालीन उद्धार र मानवीय सहयोगलाई समन्वयात्मक रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने कार्य गर्ने,

(ध) विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतना अभिवृद्धि कार्यमा समन्वय गर्ने,

(न) परिषद्, कार्यकारी समिति र तोकेका विपद् सम्बन्धी अन्य कार्य गर्ने।

८. <u>सेवा केन्द्र सञ्चालन सम्बन्धमाः</u> (१) मन्त्रालय, स्थानीय तह वा अन्य कुनै निकाय बिच अन्तर सरकार समन्वय सुदृढ हुने गरी दुई वा दुई भन्दा बढी स्थानीय तहहरूसँगको सहकार्य एवंम् सह लगानीमा एकीकृत विपद् व्यवस्थापन सम्बन्धी सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न सकिनेछ।

(२) यस नियम बमोजिम स्थापना गरिने सेवा केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी त्यस्तो केन्द्र स्थापनाका

लागि सहमति गरी सम्झौता गर्ने स्थानीय तहहरू बिचको आपसी सहमतिमा हुनेछ।

(३) यस नियमका अतिरिक्त सेवा केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा प्रदेश सरकारले आवश्यक निर्णय गर्न सक्नेछ।

(४) सेवा केन्द्रको काम कर्तव्य र अधिकार  तथा अन्य विषय प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद ४

<u>मर्मत सम्भार तथा पुनःनिर्माण सम्बन्धी व्यवस्था</u>

९. <u>मर्मत तथा पुनःनिर्माण कार्यः</u> विपद्‌बाट क्षति भएका प्रदेश सरकार अन्तर्गतका देहायको संरचनाको मर्मत सम्भार तथा पुनःनिर्माण सम्बन्धी कार्य ऐनको दफा १६क. बमोजिमको कोषमार्फत गरिनेछः-

(क) सडक, पुल, झोलुङ्गे पुल,

(ख) सिँचाई सम्बन्धी संरचना,

(ग) विपद्‌बाट जोखिममा रहेका संरचना,

(घ) खानेपानी सम्बन्धी संरचना,

(ङ) स्वास्थ्य तथा विद्यालय भवन,

(च) ऊर्जा उत्पादन सम्बन्धी संरचना,

(छ) नदी कटान,

(ज) खण्ड (क) देखि (छ) सम्मका संरचनाको संभावित जोखिमबाट बचाउन गरिने निर्माण तथा पुनः निर्माण।

१०. <u>प्रस्ताव पेस गर्नु पर्नेः</u> (१) नियम ९ बमोजिमको मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्न त्यस्तो विषयसँग सम्बन्धित क्षेत्राधिकार भएको मन्त्रालयले देहाय बमोजिमका कागजात संलग्न गरी प्रस्ताव आन्तरिक मामिला तथा कानून मन्त्रालय समक्ष पेस गर्नु पर्नेछः-

(क) प्राथमिकीकरण सहित संरचनाको विवरण,

(ख) अनुसूची-१ बमोजिमको विपद्बाट क्षति भएको वा बस्ती संरक्षण गर्न बनाउनु पर्ने संरचनाको प्राथमिकीकरण विवरण,

(ग) मर्मत सम्भार तथा पुनःनिर्माण गर्नु पर्ने संरचनाको लागत अनुमान,

(घ) मर्मत सम्भार तथा पुनःनिर्माण कार्यको प्राथमिकीकरण मापदण्ड र छनौटका आधार बमोजिम मर्मत सम्भार तथा पुनःनिर्माण गर्नुपर्ने संरचनाको विश्लेषण सहितको प्राविधिक प्रतिवेदन,

तर यस खण्ड बमोजिमको प्रतिवेदन बनाउँदा ड्रइङ डिजाइन आवश्यक पर्ने संरचनाको हकमा ड्रइङ डिजाइन सहितको प्राविधिक प्रतिवेदन पेस गर्नु पर्नेछ,

(ङ) विपद्बाट क्षति भएको बस्ती संरक्षण सम्बन्धी संरचना निर्माण गर्नुपर्ने भए सोको आवश्यकता र औचित्यता,

(च) मर्मत तथा पुनःनिर्माणका सम्बन्धमा सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस।

(२) यस नियम बमोजिम प्राथमिकीकरण गरी प्राप्त प्रस्ताव आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक विश्लेषण गरी सिफारिस सहित सञ्चालक समिति समक्ष पेस गर्नेछ।

११. **संरचना प्राथमिकता निर्धारणका मापदण्डः** मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्ने विषयसँग सम्बन्धित क्षेत्राधिकार भएको मन्त्रालयले देहाय बमोजिमको संरचनाको क्रमलाई प्राथमिकीकरणमा राखी मापदण्डको आधारमा मर्मत सम्भार तथा पुनःनिर्माण गर्ने संरचनाको प्राथमिकता निर्धारण गर्नु पर्नेछः-

| क. सं. | संरचनाको किसिम | प्राथमिकता निर्धारणको मापदण्ड |
|---|---|---|
| १ | खानेपानी संरचना | लाभग्राहीको संख्या, मुहान, पाइप लाइन बगाएको, RVT, सम्पवेल |
| २ | सडक, पुल, झोलुङ्गे पुल | प्रादेशिक लोकमार्ग, प्रादेशिक सहायक लोकमार्ग, प्रादेशिक मार्ग, रणनीतिक सडक तथा पुल, जिल्ला जोड्ने सडक तथा पुल, आर्थिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण सडक तथा मार्ग |
| ३ | स्वास्थ्य सम्बन्धी संरचना | जनसंख्या, मासिक सेवाग्राहीको संख्या, स्वास्थ्य संस्थाको किसिम |
| ४ | विद्यालय भवन | विद्यार्थी संख्या, विद्यालयको किसिम |
| ५ | विपद्बाट क्षति भएको बस्ती संरक्षण संरचना | जनसंख्या, निर्माण गर्नु पर्ने संरचनाको लागत, सीमान्तकृत समुदायको बसोबास, पहिरो रोकथाम |
| ६ | सिँचाइ संरचना | सिँचाइ हुने जग्गाको क्षेत्रफल, लाभग्राहीको संख्या, साइड इन्टेक, हेडवक्स, नहर तथा अन्य संरचनाहरू |
| ७ | ऊर्जा सम्बन्धी संरचना | उत्पादन क्षमता, ऊर्जा संरचनाको किसिम, लाभग्राहीको संख्या, इन्टेक हेडरेस, पावर हाउस, फोर वे ट्याङ्क, पेनस्टक पाइप |

१२. <u>संरचना छनौटको आधार:</u> देहायको आधारमा मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्ने विषयसँग सम्बन्धित क्षेत्राधिकार भएको मन्त्रालयले मर्मत तथा पुनःनिर्माण गर्ने संरचना छनौट गर्नु पर्नेछः-

(क) खानेपानी वितरणलाई सुचारु गर्नुपर्ने संरचना,

(ख) तत्काल आवागमन सुचारु गर्नु पर्ने सडक, पुल तथा झोलुङ्गे पुलसँग सम्बन्धित संरचना,

(ग) स्वास्थ्य सेवा र शैक्षिक गतिविधि सञ्चालन गर्नु पर्ने संरचना,

(घ) विपद्बाट क्षति भएको बस्ती तथा सार्वजनिक सेवा प्रवाह हुने जोगाउने संरचना,

(ङ) सिँचाइ तथा विद्युत आपूर्ति अवरुद्ध भएको संरचना,

(च) सम्भावित विपद्बाट क्षति हुनसक्ने संरचनाको विपद्बाट जोगाउन निर्माण गरिने संरचना,

(छ) सानो संरचना मर्मत सम्भार वा निर्माण गर्दा ठूलो जोखिमबाट बचाउन संरक्षणको विषय।

१३. <u>लागत सीमा:</u> मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्न त्यस्तो विषयसँग क्षेत्राधिकार भएको मन्त्रालयले मर्मत सम्भार तथा पुनःनिर्माण गर्ने संरचनाको अधिकतम एक करोड रूपैयाँमा नबढने गरी लागत अनुमान तयार गर्न सक्नेछ।

तर सडक पुनःनिर्माण र बस्ती संरक्षणको हकमा लागत अनुमानको अधिकतम सीमा तीन करोड रुपैयाँसम्म हुन सक्नेछ।

१४. <u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u>: ऐनको दफा १६क. मा उल्लिखित कामको अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आन्तरिक मामिला तथा कानून मन्त्रालयले समिति समक्ष पेस गरेका प्रस्तावित आयोजनाको छनौट तथा प्राथमिकीकरण गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) मर्मत सम्भार तथा पुर्निर्माण गर्नु पर्ने संरचनाको लागत अनुमान सहितको विवरण स्वीकृत गरी सम्बन्धित मन्त्रालयमा कार्यान्वयनका लागि पठाउने,

(ग) मर्मत सम्भार तथा पुनःनिर्माण भइरहेको संरचनाको स्थलगत अनुगमन गर्ने,

(घ) मर्मत सम्भार तथा पुनःनिर्माण कार्यको कम्तीमा अर्धवार्षिक रूपमा समीक्षा गर्ने,

(ङ) सम्बन्धित मन्त्रालय तथा कार्यालयलाई आवश्यक निर्देशन दिने।

१५. <u>मर्मत सम्भार तथा पुनःनिर्माण कार्य स्वीकृत गर्ने:</u> (१) आन्तरिक मामिला तथा कानून मन्त्रालयले यस नियमावली बमोजिम प्राप्त कागजात संलग्न राखी मर्मत सम्भार तथा पुनःनिर्माण गर्नु पर्ने संरचना सम्बन्धी प्रस्ताव सञ्चालक समिति समक्ष पेस गर्नु पर्नेछ।

(२) सञ्चालक समितिले उपनियम (१) बमोजिम प्राप्त प्रस्तावहरूमध्ये मर्मत सम्भार तथा पुनःनिर्माण गर्नुपर्ने संरचना र सोमा लाग्ने रकम त्यस्तो कोषको रकमबाट खर्च बेहोर्न सकिने गरी स्वीकृत गर्नु पर्नेछ।

१६. <u>खरिद सम्झौता गर्नु पर्ने:</u> नियम १५ बमोजिम स्वीकृति प्राप्त भएको संरचनाको निर्माणको लागि खरिद तथा सम्झौताको प्रक्रिया प्रचलित कानून बमोजिम कार्यान्वयन गर्ने निकायले पूरा गर्नु पर्नेछ।

१७. <u>पुनःनिर्माण कोषको रकम भुक्तानी सम्बन्धी कार्यविधि:</u> (१) आन्तरिक मामिला तथा कानून मन्त्रालयले मर्मत सम्भार तथा पुनःनिर्माण कार्यका लागि सञ्चालक समितिले स्वीकृत गरेको कार्यक्रम तथा रकम मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्ने विषयसँग सम्बन्धित क्षेत्राधिकार भएको मन्त्रालय, निकाय वा कार्यालयमा तत्काल पठाउनु पर्नेछ।

(२) मर्मत सम्भार तथा पुनःनिर्माण गर्ने कार्यालय वा निकायले सम्झौता सहित मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्ने विषयसँग

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सम्बन्धित क्षेत्राधिकार भएको मन्त्रालय वा आन्तरिक मामिला तथा कानून मन्त्रालय समक्ष रकम माग गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम माग भएको रकम मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्ने विषयसँग सम्बन्धित क्षेत्राधिकार भएको मन्त्रालय वा आन्तरिक मामिला तथा कानून मन्त्रालयले कार्यान्वयन गर्ने कार्यालय वा निकायको कार्य सञ्चालन कोष (विविध) खातामा निकासा गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त भएको रकम कामको प्रगतिको अनुपातका आधारमा खर्च गर्नु पर्नेछ।

१८. **समन्वय गर्ने:** मर्मत सम्भार तथा पुनःनिर्माणको कार्य निश्चित समयभित्र सम्पन्न गर्न संघीय सरकारको सम्बन्धित निकाय, स्थानीय तह र दातृ निकाय वा विकास साझेदार संस्थासँग आवश्यक समन्वय गरिनेछ।

१९. **पालना गर्नुपर्ने:** यस नियमावली बमोजिमको मर्मत सम्भार तथा पुनःनिर्माण कार्य गर्दा प्रचलित संघीय तथा प्रादेशिक कानुनको पालना गर्नु पर्नेछ।

२०. **निर्देशन दिन सकिने:** (१) सञ्चालक समिति, आन्तरिक मामिला तथा कानून मन्त्रालय र मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्ने विषयसँग सम्बन्धित क्षेत्राधिकार भएको मन्त्रालयले पुनःनिर्माण कोषबाट मर्मत सम्भार तथा पुनःनिर्माण कार्य गर्ने निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

२१. **मर्मत सम्भार तथा पुनःनिर्माण कोषको व्यवस्थापन:** (१) प्रदेश सरकारले प्रत्येक वर्ष मर्मत सम्भार तथा पुनःनिर्माण कार्यको लागि ऐनको दफा १६क. बमोजिमको पुनःनिर्माण कोषको लागि आवश्यक बजेट विनियोजन गर्नेछ।

(२) आर्थिक वर्ष समाप्त भएपछि मर्मत सम्भार तथा पुनःनिर्माण कोषमा मौज्दात रहेको रकम सोही कोषमा रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(३) मर्मत तथा पुनःनिर्माण कोषबाट विनियोजन गरिएको रकम सम्बन्धित खर्च शीर्षकमा पूर्ण वा आंशिक रूपमा खर्च हुन नसकी रकम बाँकी रहेमा त्यस्तो रकम मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्ने विषयसँग सम्बन्धित क्षेत्राधिकार भएको मन्त्रालयले वा निकाय वा कार्यालयले सोही कोषमा फिर्ता पठाउनु पर्नेछ।

२२. **प्रगति प्रतिवेदन पेस गर्नु पर्ने:** (१) मर्मत तथा पुनःनिर्माण भएका संरचनाको प्रगति प्रतिवेदन मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्ने विषयसँग सम्बन्धित क्षेत्राधिकार भएको मन्त्रालयले त्रैमासिक रूपमा अनुसूची-२ बमोजिमको ढाँचामा आन्तरिक मामिला तथा कानून मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(२) आन्तरिक मामिला तथा कानून मन्त्रालयले उपनियम (१) बमोजिम प्राप्त प्रगति प्रतिवेदन एकीकृत गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सञ्चालक समिति, विपद् व्यवस्थापन परिषद् र प्रदेश सरकार समक्ष पेस गर्नेछ र सो प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभा समक्ष पेस गर्नु पर्नेछ।

२३. **दोहोरोपना हुन नहुने:** (१) यस नियमावली बमोजिमको मर्मत तथा पुनःनिर्माण कार्य सञ्चालन गर्दा संघ, प्रदेश वा स्थानीय तहको खर्चमा दोहोरोपना नहुने गरी सञ्चालन गर्नु पर्नेछ।

(२) मर्मत तथा पुनःनिर्माण कार्यमा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने जिम्मेवारी मर्मत तथा पुनःनिर्माण सम्बन्धी कार्य गर्ने विषयसँग सम्बन्धित क्षेत्राधिकार भएको मन्त्रालयको हुनेछ।

२४. **लेखा तथा लेखापरीक्षण:** पुनःनिर्माण कोषबाट रकम प्राप्त गर्ने निकायले खर्च भएको रकमको छुट्टै लेखा राखी आन्तरिक र अन्तिम लेखापरीक्षण गराई सोको प्रतिवेदन आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

परिच्छेद-५

**विविध**

२५. **अनुगमन तथा प्रतिवेदन:** (१) यस नियमावली बमोजिम भएको मर्मत सम्भार तथा पुनः निर्माण सम्बन्धी कार्यको अनुगमन सञ्चालक समिति वा समितिले निर्णय गरी तोकिदिए बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम समितिको निर्णय बमोजिम गरिएको अनुगमनको प्रतिवेदन सञ्चालक समिति समक्ष पेस गर्नु पर्नेछ।

२६. **सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः** (१) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले विपद्का घटना हुन नदिन ऐनको दफा १४ को उपदफा (१) मा उल्लिखित दायित्व निर्वाह गर्नुका साथै मन्त्रालयले समय समयमा दिएको निर्देशनको समेत पालना गर्नु पर्नेछ।

(२) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले विपद पूर्व, विपद्को समयमा र विपद्पश्चात पनि आफ्नो व्यवसायलाई सुचारु गर्न व्यवसाय निरन्तरता योजना बनाई लागु गर्नु पर्नेछ। सोको अनुगमन मन्त्रालयले गरी कार्यकारी समितिमा प्रतिवेदन बुझाउनु पर्नेछ।

(३) सार्वजनिक संस्था वा व्यावसायिक प्रतिष्ठानले मन्त्रालयले तोके बमोजिम अग्नि नियन्त्रण लगायतका विपद् जोखिम न्यूनीकरणजन्य उपकरण जडान गर्नु पर्नेछ।

(४) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले ऐन तथा यस नियमावली बमोजिमको जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा मन्त्रालय तथा कार्यकारी समितिले नियमित अनुगमन गर्नु पर्नेछ।

(५) उपनिमय (४) बमोजिम अनुगमन गर्दा सार्वजनिक संस्था वा व्यावसायिक प्रतिष्ठानले जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनेछ।

२७. **विपद सङ्कटग्रस्त क्षेत्र सम्बन्धमा** (१) कुनै स्थानीय तहमा गम्भीर प्रकृतिको विपद् आई त्यस्तो विपद्बाट मानवीय, भौतिक तथा अन्य सम्पत्तिमा ठुलो क्षति हुने सम्भावना रहेको देखिएमा सोही बेहोरा उल्लेख गरी सम्बन्धित

स्थानीय तहले निर्णय गरी सोको जानकारी आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले त्यस्तो विपद् व्यवस्थापन गर्न आवश्यक कार्य गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जानकारी प्राप्त भई आवश्यक व्यवस्थापन गर्दा पनि विपद् व्यवस्थापन हुन नसक्ने अवस्था देखिएमा विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न आवश्यक रहेको कारण र औचित्य सहितको बेहोरा खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको सिफारिस प्राप्त भएमा प्रदेशभर वा कुनै स्थानीय तह तोकी ऐनको दफा २२ बमोजिम विपद् सङ्कटग्रस्त क्षेत्रको घोषणाका लागि प्रदेश सरकारले नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

२८. **सम्पत्ति प्राप्त गर्ने:** ऐनको दफा २३ को उपदफा (१) को खण्ड (घ) बमोजिम प्रदेश सरकारले गैरसरकारी संस्थाको कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको चल, अचल सम्पत्ति प्राप्त गर्दा नेपाल सरकारले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको अवधि समाप्त भएको मितिले बढीमा तीन दिनसम्मको लागि प्राप्त गर्न सक्नेछ।

२९. **तत्काल खरिद तथा निर्माण गर्न सकिने:** ऐनको दफा ३७ बमोजिम विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम खरिद वा निर्माण कार्य गर्न सकिनेछ।

३०. **पुनरावेदन:** ऐनको दफा १८ बमोजिम अनुगमन तथा जाँचबुझ नियमन अधिकारीले गरेको आदेशउपर चित्त नुबझेमा सो पक्षले आदेश भएको

जानकारी पाएको मितिले पैतिस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्नु पर्नेछ।

३१. <u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u> प्रदेश सरकारले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।

३२. <u>खारेजी र बचाउ</u>ः (१) यो नियमावली लागु भएपछि "मर्मत सम्भार तथा पुनःनिर्माण कोष सञ्चालन कार्यविधि, २०८१" खारेज हुनेछ।

(२) "मर्मत सम्भार तथा पुनःनिर्माण कोष सञ्चालन कार्यविधि, २०८१" को व्यवस्था बमोजिम भए गरेका निर्णय तथा काम कार्वाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१

(नियम १० सँग सम्बन्धित)

विपद्बाट क्षति भएको वा क्षति हुन सक्ने संरचनाको विवरण

१. क्षति भएको मितिः

२. विपद्को प्रकार (जस्तै भू-कम्प, बाढी, पहिरो, नदि कटान आदि):

३. आयोजनाको नाम:

४. आयोजना स्थल..............टोल...............
पालिका.......................वाड नं.............. जिल्ला............

५. विपद्द्वारा प्रभावित घरधुरी....................... जनसंख्या.................

६. क्षतिको विवरण:

| क्र.स. | संरचनाको प्रकार | संरचनाको नाम | क्षतिको प्रकार (विवरण सहित) | क्षतिको प्रारम्भिक लागत अनुमान (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**नोटः**

- संरचनाको प्रकारः आवासीय घर, विद्यालय, अस्पताल, सडक, पुल, आदि जस्ता संरचनाको प्रकार उल्लेख गर्नुहोस्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- संरचनाको नाम/ठेगाना: संरचनाको नाम वा ठेगाना स्पष्ट रूपमा उल्लेख गर्नुहोस्।
- क्षतिको प्रकार: संरचनामा भएको क्षतिको विस्तृत विवरण उल्लेख गर्नुहोस्। (जस्तै भित्ता चर्किएको, छानो भत्किएको, ढोका झरेको, विद्युत् तार चुँडिएको, आदि)।
- क्षतिको प्रारम्भिक लागत अनुमान: संरचना मर्मत वा पुनःनिर्माण गर्न लाग्ने प्रारम्भिक लागत अनुमान उल्लेख गर्नुहोस्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-२

(नियम २२ सँग सम्बन्धित)

## प्रगति प्रतिवेदन

१. आयोजनाको नाम:

२. आयोजना स्थल...............टोल................
पालिका........................वडा नं................ जिल्ला............

३. विपद्द्वारा प्रभावितः घरधुरी........................ जनसंख्या.................

४. सञ्चालक समितिबाट स्वीकृत मितिः

५. प्रगति विवरण:

| क्र.स. | संरचनाको प्रकार | संरचनाको नाम | क्षतिको प्रकार | मर्मत सम्भार तथा पुनः निर्माणको लागत अनुमान | सम्झौता रकम | अनुमानित सम्पन्न हुने मिति | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

**नोटः**

- संरचनाको प्रकारः आवासीय घर, विद्यालय, अस्पताल, सडक, पुल, आदि जस्ता संरचनाको प्रकार उल्लेख गर्नुहोस्।
- संरचनाको नाम/ठेगानाः संरचनाको नाम वा ठेगाना स्पष्ट रूपमा उल्लेख गर्नुहोस्।
- क्षतिको प्रकारः संरचनामा भएको क्षतिको विस्तृत विवरण उल्लेख गर्नुहोस्। (जस्तै भित्ता चर्किएको, छानो भत्किएको, ढोका झरेको, विद्युत् तार चुँडिएको, आदि)।
- मर्मत तथा पुनःनिर्माणको लागत अनुमानः संरचना मर्मत वा पुनःनिर्माण गर्न लाग्ने लागत उल्लेख गर्नुहोस्।

आन्तरिक मामिला ... प्रदेश

- प्रगतिः भौतिक र वित्तीय प्रगति प्रतिशतमा उल्लेख गरी भौतिक प्रगतिको फोटो समेत संलग्न गर्नुहोस्।

प्रमाणीकरण मितिः- २०८२/०२/२१

आज्ञाले,
राम प्रसाद आचार्य
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**